# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

पत्र संख्याः ०७५।७६
च.नं.

मितिः २०७५।१२।०८

श्री प्रमुखज्यू,
छबिस पाथिभेरा गाउँपालिका,
बझाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट छबिस पाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ९५ लाख ५७ हजार बेरुजू देखिएको छ । सोमध्ये अशुल गर्नुपर्ने रु.३ लाख ४१ हजार नयमित गर्नुपर्ने रु.७९ लाख ९० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७५ लाख ९३ हजार र पेश्की रु.३६ लाख ३३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता तयार गर्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।०५।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ११ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# छविस पाथिभेरा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## ०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्न गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा  प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ । यो गाउँपालीका अर्न्तगत ७ वडा रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७४।०७५ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

**छविसपाथिभेरा गाउँपालिका**

| | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | १३०३७१९८१.३२ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | १०८९९४३५८.७७ |
| | ख) बैंक | ६२५६३३१.०० | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ८०५५२३.०० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १४९१८४०००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १२७२९७०००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात | | ४०२५६५०२.२२ |
| | ग) समपूरक अनुदान | | | ८ | हिसाव मिलान बांकी | | ६१८७३६६२.६९ |
| | घ) विशेष अनुदान | | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | ७७१५१.०० | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय (बिभिन्न ब.उ.सि.नं)** | ५७८७६५००.०० | | | | | |
| | **जम्मा** | **३४१४९६५०५.००** | | | **जम्मा** | | **३४१४९६५०५.००** |

आय भन्दा व्यय र बैंक हिसाव कम देखिएका कारण हिसाव मिलान गर्न बांकी रु. ६,१८,७३,६६२.६९ को बैंक हिसाव मिलान विवरण सहित हिसाव मिलानको प्रमाण पेश हुनुपर्ने ।

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
| --- | --- | --- |
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रम स्वीकृत गर्ने र अख्तियारी प्रदान गर्ने सम्वन्धमा उक्त व्यवस्थाको पालना गरी वित्तिय जवाफदेहिता सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्थालाई पालना गरी समयमानै निर्माण तथा सेवा प्रवाह सम्वन्धि कार्यलाई व्यवस्थीत गर्नुपर्ने देखिएको छ । | |
| ३. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन । | |
| ४. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल खर्च रु. २८,४८,३० हजारमध्ये प्रथम चौमासिकमा १९ प्रतिशत, दोश्रो चौमासिकमा ३३ प्रतिशत र तेश्रो चौमासिकमा ४८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा २४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यस्तो अवस्थामा सुधार गरी खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । | |
| ५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउंपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ६. | **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकामा अधिकृत स्तर देखि कार्यालय सहयोगी सम्म २ जना स्थायी र २ जना करारमा गरी ५ जना प्राविधिक र १५ जना अप्राविधिक कर्मचारी कार्यरत रहेको देखियो । थोरै वजेटका स– साना कार्यक्रम ठूलो संख्यामा सञ्चालन हुने र अधिकांश कार्यक्रम निर्माणकार्य संग सम्बन्धित देखिएकोमा फिल्डमा खटिने प्राविधिक कर्मचारीमा कामको बोझ अत्याधिक हुने देखिएको छ । साथै गाभिएर आएका कार्यालयका कर्मचारीको दरबन्दी रहने स्थान यकिन भइ नसक्दा गाउंपालिकाको स्थिर दरबन्दी कायम हुन सकेको समेत देखिएन । यस्तो अवस्थामा सुधार हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिएको छ । | |
| ७. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक | |

नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख आंशिक रुपमा राखेको भएपनि बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अन्तगत वितरण गरेको भत्ताको अधिकांश भरपाईमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार नहुनाका साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन ।

त्यस्तै कार्यालयको स्वामित्वमा रहेका सवारी साधनको वार्षिक वीमा गरेको देखिएन । यसले स्थिर सम्पत्तिको संरक्षणको सम्बन्धमा जोखिम बढाएको छ । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।

साथै कार्यालयले भुक्तानी गरेको कतिपय विल भरपाईको भौचर खडा गर्दा कर कट्टी गरी भुक्तानी गर्नुपर्ने रकममा समेत कर कट्टी गरेको देखिएन । उक्त भुक्तानी यकिन गरी कर कट्टी  गरेर मात्र भुक्तानी गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

गाउँपालिका अन्तरगतका विद्यालयहरुले शिक्षक कर्मचारीको तलवको चौमाशिक माग फारम पठाउने र पालिकाले एकमुष्ट निकाशा दिने गरेको पाइयो । शिक्षक तथा कर्मचारीलाई निकाशा रकममबाट तलब भत्ता वितरण गरिसकेपछि कट्टी गरिएका रकमहरु जस्तै क. सं. कोष, ना. ल. कोष, सा. सु. कर, सावधिक जिवन विमा, पारिश्रमिक कर आदि सम्बन्धित शिक्षक कर्मचारीको नाममा सम्बन्धित खातामा दाखिला गरेको प्रमाण आंशिक रुपमा मात्र पेश भएको छ । दाखिला प्रमाण पेश नहुदा सम्बन्धित शिक्षक कर्मचारीको नाममा उक्त रकम जम्मा भए नभएको यकिन गर्न सकिएन । साथै विद्यालयले आन्तरिक श्रोतबाट तलव खुवाएका शिक्षक कर्मचारीको तलव खर्च स्पष्ट विवरणको अभावमा विश्लेषण गर्न सकिएन ।

८. **सम्पत्ति लेखांकन :** गाउंपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ ।

९. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले विभिन्न आपूर्तकहरुसँग सामान तथा सेवा खरिद गर्दा अग्रिम आयकर कट्टी गरेको समेत पाइएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।

१०. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गा.वि.स. तथा गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । गाउंपालिकाका वडाहरुले देहायअनुसारको रु.३,३६,३१ हजार सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

| | **सामाजिक सुरक्षा रकम** | | | |
|---|---|---|---|---|
| **वडा नं** | प्रथम चौमाशिक | दोश्रो चौमाशिक | तेश्रो चौमाशिक | **जम्मा हजारमा** |
| १ | १७५७ | १७४२ | १८४७ | ० |
| २ | १६१५ | १७३३ | १६४१ | ४९९१ |
| ३ | ३०५४ | ३०३४ | २९०४ | ८९९५ |
| ४ | १५७१ | १६३७ | १५९० | ४८०२ |

| | | | | |
|---|---|---|---|---|
| ५ | १६९४ | १६७३ | १६६१ | ५०३३ |
| ६ | १६९६ | १६८२ | १६६४ | ५०४८ |
| ७ | १५१७ | १५७३ | १६६५ | ४७६२ |
| **जम्मा** | **१२९०४** | **१३०७४** | **१२९७२** | **३३६३१** |

**पञ्जिकरण अभिलेख :** गाउँपालिकाले सम्बन्धित वडा सचिवले उपलब्ध गराएको विवरणका आधारमा पेश्की दिई प्राप्त भरपाई तथा फाँटवारीको आधारमा पेश्की फछ्र्यौट गरेको पाइयो । पञ्जिकरण अभिलेख अद्यावधिक भए नभएको परिक्षण गर्न मृत्यु दर्ता अभिलेख रजिस्टर माग गरिएकोमा पेश हुन आएन । त्यसैले मृत्यु भईसकेका लाभग्राहीको नाममा ससर्त रकम निकाशा एवं वितरण भए नभएको यकिन गर्न सकिएन ।

११. **नापी किताव** : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब (म.ले.प.फा.नं. १७१) मा उल्लेख गर्नुपर्ने गरि महालेखापरीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यालयले लागु गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था रहेकोमा कार्यालयले तयार गरेको नापी कितावमा अधिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी राख्ने गरेको नदेखिएकोले खर्च भएको वास्तविक परिमाण र रकम तथा बांकी परिमाण र रकमको अवस्था एकिन गर्न सकिने आधार देखिएन ।

१२. **रसिद नियन्त्रण खाता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा अन्तिम लेखापरीक्षण हुदा सरकारी नगदीको लगत कार्यालय प्रमुखले अद्यावधिक गर्न लगाउने तथा हानी नोक्सानी हुन गएको भए अशुल उपर गराउनुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजस्व आम्दानीको लेखा महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढांचामा अद्यावधिक गरी राख्नुपर्ने र लेखा संग भिडान हुने प्रमाण कागजात सिलसिलेवार रुपमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले रसिद नियन्त्रण खाता अद्यावधिक नगरेकोले रसिद बाट भएको आम्दानीको अवस्था यकिन हुन सकेन । यस वर्ष रु. ८,०५,५२३.०० राजस्वा आम्दानी भई दाखिला भएको देखिएकोमा उक्त आम्दानीमा केही नगदी रसिदको आम्दानी समावेश भएको छैन । ती नगदी रसिद संकलन गरी त्यसबाट भएको आय यकिन गरी राजस्व दाखिला गराउनुपर्ने देखिएको छ ।

१३. **योजना व्यवस्थापन :** वार्षिक गाउंपालिका विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउंपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । गाउंपालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, गाउंपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा समेत गरी रु. १५,६६,३७ हजारको निर्माण योजना र कार्यक्रम स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना १७६ वटा, १ देखि २ लाख सम्मका योजना ४० वटा, २ देखि ३ लाख सम्मका योजना २८ वटा, ३ देखि ४ लाख सम्मका योजना ४ वटा, ४ देखि ५ लाख सम्मका योजना ४ बटा, ५ देखि १० लाख सम्मका योजना ६ वटा र १० लाख भन्दा माथिका योजना ७ वटा सञ्चालन गरेको देखिएको छ । निर्माण सम्झौता संख्या धेरै हुंदा कार्यालयको जनशक्ति वर्षैभरी निर्माण कार्य व्यवस्थापनमा लाग्नु परेको देखिन्छ । त्यस्तै निर्माण सम्झौताको आधारमा विश्लेषण गर्ने हो भने प्रविधिक कर्मचारीले प्रत्येक सम्झौताका कार्यमा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापन आर्थिक कार्यविधि नियमावली, २०६४ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा गाउंपालिकाको ध्यान जानुपर्ने

देखिएको छ ।

| विवरण | आर्थिक विकास लगायत | गौरवका योजना | जम्मा |
|---|---|---|---|
| १ लाख सम्मका | १७४ | २ | १७६ |
| १ देखि २ लाख सम्मका | ३७ | ३ | ४० |
| २ देखि ३ लाख सम्मका | २४ | ४ | २८ |
| ३ देखि ४ लाख सम्मका | ४ | ० | ४ |
| ४ देखि ५ लाख सम्मका | ३ | १ | ४ |
| ५ देखि १० लाख सम्मका | ५ | १ | ६ |
| १० लाख भन्दा बढिका | ० | ७ | ७ |
| **कुल जम्मा** | **२४७** | **१८** | **२६५** |

१४. **ग्याबियन खरिद :** सार्वाजनिक खरिद ऐन , २०६३ को परिच्छेद २ मा प्रतिस्पर्धि विधिबाट खरिद गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ८४ मा बिस लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो. भौ. नं. ४८७।०७५।३।२८ वाट आर्थिक वर्षको अन्तिम समयमा रु. १४,८९,७७६.०० को ४२५ थान तारजाली सोझै खरिद गरी भुक्तानी गरेको देखियो । तारजाली उपयोगको प्रयोजन खुल्ने प्रमाण कागजात संलग्न छैन । साथै तारजाली प्रयोग हुने स्थान छनौट नभई मौज्दात कायम गर्ने गरी खरिद गरेको देखिएको छ । खरिद भई आएको भनि भुक्तानी गरेको तारजालीको दाखिला प्रतिवेदन तयार भएको छैन भने तारजाली कहाँ राखेको छ स्थान यकिन हुन सकेको छैन । वजेट खर्च गर्ने उद्देश्यले आर्थिक वर्षको अन्तमा सामान दाखिला समेत नभई भुक्तानी गरेको नियमित देखिएको छैन । यसबाट आवश्यकताको आधारमा भन्दा खर्च गर्ने उद्देश्यले मात्र खरिद भएको देखाई भुक्तानी गरेको देखिएको छ । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ । १४८९७७६.००

१५. **कुटानी पिसानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा बजेट सिमा भित्र रही खर्च गर्नपर्ने र प्रमाणित विल भरपाई संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षमा गौरवका योजना सञ्चालन गर्ने गरी स्वीकृत गरे अनुसार यस वर्ष वडा नं. ३ मा देहाय अनुसारका रु. १५,००,०००.०० भुक्तानी गरेको देखियो । कुटानी पिसानी मिलका लागि ३ वटा कृषक समुहलाई रु. ५,००,०००.०० का दरले भुक्तानी दिएको छ । कृषक समुहले खरिद गरेको भनि पशुपति ट्रेडिङ्ग कर्न्सन, कैलालीको विजक नं. ३५, ३६ र ३७ संलग्न गरी भुक्तानी भएको छ । तीनवटै खरिद कार्यमा समान सप्लार्यस् पशुपति ट्रेडिङ्ग कर्न्सन, कैलाली, वि. एण्ड वि ट्रेड एण्ड सप्लार्यस् , कैलाली र पि. एस ट्रेड एण्ड सप्लार्यस् , कैलालीको समान दरको कोटेशन संलग्न गरेको भएपनि कतिपय कोटेशनमा प्रमाणित गरी हस्ताक्षर र छाप समेत संलग्न भएको देखिएन । एकै स्थानमा एउटै विधिबाट फरक फरक गरी टुक्रे खरिद गरेकोमा ढुवानी खर्च भने प्रत्येकमा रु. ३८,०००.०० गरी ३ खरिदमा रु. १,१४,०००.०० भुक्तानी भएको छ । अतः सामान जडानको प्रमाण पेश हुनुपर्ने, मितव्ययि ढुवानी गर्नुपर्ने, प्रतिस्पर्धि खरिद गर्नुपर्ने, जडान गर्न र सञ्चालनमा ल्याउन समय पुग्ने गरी आर्थिक वर्षको अन्तमा नभई समयमै खरिद गर्नुपर्ने देखिएको छ । १५०००००.००

| भौ. नं. | भुक्तानी पाउने समुह | कार्य विवरण | भुक्तानी (रु) |
|---|---|---|---|
| ४८९।०७५।३।२८ | सूर्योदय तरकारी कुटानी पिसानी समुह | मिल इन्जिन जडान लगायत | ५०००००.०० |
| ४९०।०७५।३।२८ | सूर्योदय तरकारी कुटानी पिसानी समुह | मिल इन्जिन जडान लगायत | ५०००००.०० |
| ४९३।०७५।३।२८ | अन्नतिकोट आलु उत्पादन कृषक समुह | मिल इन्जिन जडान लगायत | ५०००००.०० |
| | **जम्मा** | | **१५०००००.००** |

१६. **गौरवका योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा लाभग्राही समुदायवाट काम गराउने कार्यविधि उल्लेख छ । त्यस्तै नियम ९७(७) मा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने

| | | |
|---|---|---|
| | अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने व्यवस्था छ। छब्बिस पाथिभारा १ मा गाई फार्म सञ्चालन गर्न कार्यालयले नवदेव कृषक समुहसंग रु. ५०,००,०००.०० को सम्झौता गरी टहरा निर्माण, मिनी टेक्टर खरिद लगायतको कार्य गरेको विलको आधारमा भौ. नं. ५०४।०७४।३।३१ बाट रु. १६,००,०००.०० पेश्की फछ्यौट समेत गरी रु. ३१,००,०००.०० भुक्तानी दिएको देखियो । कृषक समुहले के के कार्यक्रम सञ्चालन गर्ने र त्यसबाट के लाभ प्राप्त हुने सम्बन्धमा स्पष्ट खुल्ने प्रस्ताव तयार भएको छैन । त्यस्तै रु. ३१ लाख खर्च हुदा कति प्रगति हासिल भयो देखिने गरी प्रगति प्रतिवेदन सार्वजनिक गरेको देखिएन । कृषक समुहलाई दिइएको रकमबाट कति कृषक र समुदाय लाभान्वित भएका छन् , निर्माण र सञ्चालन पश्चात निरन्तरका लागि गरिने प्रयासको खाका, लाभको उपभोग तथा हस्तान्तरण गर्ने विधि र प्रकृयाका सम्बन्धामा खुल्ने दस्तावेज तयार नभई समुह मार्फत काम गराउदा गाउँपालिकाको वजेट सकिएपछि कामले निरन्तरता पाउने देखिएन । साथै कृषक समुह मार्फत गरेको दिर्घकालिन महत्वको कार्यमा कृषक समुहको विधान, समुह सञ्चालन कार्यविधि, उत्पादनलाई वजारमा लैजाने योजना र आय व्यवस्थापन, मर्मत संभार र संरक्षणको कुरामा ध्यान दिएको छैन । सम्झौता पछि विस्तृत योजना प्रतिवेदन तयार गर्न भनि रु. १६,००,०००.०० पेश्की लगेको भएपनी पेश्की फछ्यौट गर्दा प्रमाणित नभएको संरचना निर्माण गरेको प्रमाणि नगरेको कागजात पेश गरी फछ्यौट भएको छ । भौ. नं. ५०४।०७५।३।३१ बाट रु. ३१,००,०००.०० खर्च लेख्दा संलग्न गरेको लागत अनुमानको कागजात तथा भुक्तानीका लागि पेश भएको विलामा प्राविधिक , जांच गर्ने तथा जिम्मेवार व्यक्तिको सहिछाप भएको छैन । माटो खन्ने काम, पि. सि. सि. कार्य तथा सामान खरिद समेत गरी रु. २०,२९,२६५.५९ को सही छाप नभएको नापी किताव पेश भएपनि बांकी कार्यका सम्वन्धमा उक्त कागजातमा उल्लेख छैन । जम्मा रु. २०,२९,२६५.५९ को विल पेश हुदा रु. १६,००,०००.०० पेश्की फट्यौट सनेत रु. ३१,००,०००.०० भुक्तानी खर्च लेखेको नियमित देखिएन । रु. १६,००,०००.०० नापी र विल पेश भएपछि फछ्यौट गर्ने गरी पेश्की नै कायम गर्नुपर्ने र नापी तथा विल समेत तयार तथा स्वीकृत नभई भुक्तानी गरेको रु. १५,००,०००.०० को गाउँपालिकाको रोहवरमा साइट निरीक्षण र नापजांच गरी कार्य भए नभएको यकिन हुने प्रमाण पेश गरी मात्र फरफारक गर्नुपर्ने देखिएको छ । | ३१०००००.०० |
| १७. | **अमला खेती** : नेपाल सरकारको राष्ट्र विकासको नीति अनुसार अर्थतन्त्र सुदृढ गर्ने, रोजगारी अभिबृद्धी गर्ने तथा आय सृजना हुने ठुला लगानीका आयोजना बजेट अभाव हुन नदिन र निर्माणमा ध्यान केन्द्रित गर्न राष्ट्रिय गौरवका आयोजना सञ्चालन हुदै आएको देखिन्छ । यसैलाई नमुना मोडलका रुपमा लिई कार्यालयले गौरवका योजना अन्तरगत वडा नं. ४ का लागि रु. ५०,००,०००.०० को पैराडी कालामेला सल्ला अमला संरक्षण क्षेत्रका लागि वजेट विनियोजन गरी भौ. नं. ४६८।०७५।३।२५ बाट रु. २५,००,०००। पेश्की फछ्यौट समेत उपभोक्ता समितिलाई रु. ५०,००,०००। भुक्तानी दिएको देखियो । कार्यसम्पन्न प्रतिवेदनमा फाउण्डेशनमा रु. १६३ हजार, ढुंगा काटने कार्यमा रु. १५६ हजार, प्लाष्टर कार्यमा रु. ५२४ हजार, पि. सि. सि. मा रु. १५,७४ हजार तथा तारवारमा रु. २७,९७ हजार गरी जम्मा रु. ५२,१६ हजारको निर्माण सम्पन्न देखिएको छ ।<br>निर्माण कार्यको चेनेज खुल्ने गरी नापी किताब तयार नभएकोले उल्लेखित परिमाण र संख्यामा काम भएको यकिन हुने आधार देखिएको छैन । अमला खेती प्रर्वद्धन गर्न व्यवसायमुलक तथा आयआर्जनमा टेवा पुग्ने गरी योजनावद्ध रुपमा खर्च गर्नुपर्नेमा तारवार, स्ट्रक्चर र फेन्सिङ्ग कार्यका लागि मात्र सम्पूर्ण रकम खर्च भएको देखियो । प्रत्यक्ष लाभ प्राप्त नहुने, आय आर्जनमा टेवा नपुग्ने, रोजगारी सृजना नगर्ने क्षेत्रलाई गौरवको योजनामा समावेश गरी घेरवारमा मात्र रु. ५० लाख खर्च गर्दा योजनाको अपेक्षित उपलब्धि हासिल भएको देखिएन । खर्च गर्ने प्रयोजनका लागि मात्र अनुत्पादन क्षेत्रमा भएको लगानीबाट गाउँपालिकाको लक्षित उद्देश्य हासिल नहुनाका साथै उपलब्धी मापन नहुने योजनामा गरेको खर्च समेत अनियमित देखिएको छ । योजना तयार तथा कार्यान्वयन गर्दा उपलब्धि र हितको पक्षलाई समेत ध्यान दिनुपर्ने देखिएको छ । | ५०००००० .०० |
| १८. | **रोड सफाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा बजेट सिमा भित्र रही खर्च गर्नपर्ने र प्रमाणित विल भरपाई संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वाटो सफा गरेको भनि डोर हाजिर संलग्न गरी भौ. नं. | |

५०३।०७५।०३।३१ बाट श्री सिद्धराज थापालाई रु. ६०,०००.०० र भौ.नं. ३४।०७४।०८।१४ बाट श्री विजय कठायतलाई रु. ७७,६९०.०० समेत रु. १,३७,६९०.०० भुक्तानी दिएको देखियो । वाटो सफा भएको देखिने विल भरपाई तथा विजक संलग्न नभएको र वाटो सफा गर्ने कार्यादेश नदिएको अवस्थामा डोर हाजिरी मात्र संलग्न गरी भुक्तानी गरेको नियमित देखिएन । प्रमाण कागजात पुरा गरेर मात्र भुक्तानी गर्ने व्यवस्था कडाइका साथ लागु गर्नुपर्ने देखिएको छ । — १३७६९०.००

१९. **कार्य सम्पन्न नभई भुक्तानी :** कार्यालयले देहाय अनुसारका २ पार्टीलाई देहायमा उल्लेख भए अनुसारको कार्य सम्पन्न गरेको भनि २ भौचरबाट समेत गरी रु. ९०,०००.०० भुक्तानी दिएको देखियो । कार्यसम्पन्न नभई भुक्तानी दिएको उक्त रकमका सम्बन्धमा भौचरका साथ संलग्न कागजातमा सहि छाप नभएको, कार्य सम्पन्न प्रतिवेदन प्रमाणित नभएको तथा खर्च पुष्टि हुने कागजात संलग्न नभएको देखिएको छ । कार्य भए नभएको यकिन गरी गाउँपालिकाले अशुल गर्नुपर्ने साथै भविष्यमा समेत यस्तो अवस्था आउन नदिने तर्फ सजग हुनुपर्ने देखिएको छ । — ९००००.००

| भौ. नं. | विवरण | भुक्तानी पाउने | रु. |
|---|---|---|---|
| ४९८।०७५।३।२९ | चिउरी ठाउडे सिचाई कुलो | कलक वहादुर थापा | ४००००.०० |
| ४९७।०७५।३।२८ | सिलाई कटाई तालिम | कुवेर थापा (उ. स. अध्यक्ष) | ५००००.०० |
| | जम्मा | | ९००००.०० |

२०. **वाल्टिन खरिद :** कार्यालयले जलस्रोत तर्फको कार्यक्रमबाट लक्षित वर्गमा वितरण गर्ने प्रयोजनका लागि भनी आर्थिक वर्षको अन्तमा भौ. नं. ४७७।२०७५।०३।२५ बाट २५० थान वाल्टिन लगायतका सामाग्रीको सेट खरिद गरी शर्मा इम्पेक्स, धनगढी विजक संलग्न गरी रु. २,००,०००.०० भुक्तानी गरेको देखियो । उक्त सामान वितरण स्थलमा पुगेको प्रमाण संलग्न गरेको छैन । वितरण गर्न नसकिने अवस्थामा आ. ब. को अन्तमा हतारमा खरिद गरेको देखाई भुक्तानी गरेको नियमित देखिएन । साथै उक्त भुक्तानीमा ती समान ढुवानी गरेको भनी रु. ५,०००.०० भाडा भुक्तानी गरिसकेकोमा पुनः भौ. नं. ४९५।०७५।०३।२८ बाट रु. २८,०००.०० ढुवानी खर्च लेखेको छ । दोहोऱ्याएर ढुवानी खर्च लेखेको रु. २८,०००.०० सन्वन्धितबाट अशुल गर्नुपर्ने तथा रु. २,००,०००.०० को सामाग्री वितरण गरेको प्रमाण समेत संलग्न गरी नियमित गर्नुपर्ने देखिएको छ । — २२८०००.००

२१. **सिप विकास तालिम :** गाउँपालिका वडा नं. ५ मा टोल सुधार समितिका अध्यक्ष श्री वकिल वहादुर धामिले आलु चिप्स तथा क्षमता विकास तालिम सञ्चालन गरेको भनि भौ. नं. ४७८।०७५।३।२५ बाट रु. २,००,०००.०० र भौ. नं. ५०१।०७५।३।२८ बाट लक्षित वर्गका लागि तालिम सञ्चालन गरेको भनि रु. १,००,०००.०० समेत जम्मा गरी रु. ३,००,०००.०० भुक्तानी भएको देखियो । विषयगत विज्ञको आवश्यकता पर्ने सिप विकास तालिम टोल सुधार समिति मार्फत गरेको नियमित देखिएन । साथै तालिम सञ्चालन गर्दा कसरी खर्च भएको छ , प्रशिक्षक को थिए , सहभागिको कस्तो प्रतिक्रिया रहेको थियो, अपेक्षित उपलब्धी के थिए जस्ता व्यहोरा देखिने प्रमाण कागजात समेत संलग्न नगरी हस्ताक्षर नभएको विल भरपाई संलग्न गरी खर्च मात्र लेख्ने प्रवृत्तिमा सुधार हुनुपर्ने देखिएको छ । — ३०००००.००

| **भौ. नं.** | **विवरण** | **समिति** | **अध्यक्ष** | **भुक्तानी (रु)** |
|---|---|---|---|---|
| ४७८।०७५।३।२५ | आलु चिप्स तथा क्षमता विकास तालिम | टोल सुधार समिति | वकिल वहादुर धामि | २०००००.०० |
| ५०१।०७५।३।२८ | लक्षित वर्गका लागि तालिम | टोल सुधार समिति | वकिल वहादुर धामि | १०००००.०० |
| **जम्मा** | | | | **३०००००.००** |

२२. **प्रोत्साहन भत्ता :** गाउँपालिकाले भौ. नं. ४६६।०७५।३।२५ बाट योजना सञ्चालन गर्न श्री पदम बहदुर मण्डोलाले लिएको पेश्की फछ्र्यौट गरेको देखियो । उक्त पेश्कीबाट वडा अध्यक्षको अध्यक्षतामा वसेको वैठकले असहाय, अपाङ्ग, टुहुरा बालबालिकालाई प्रोत्साहन भत्ता वितरण गर्ने निर्णय अनुसार भनि १६ जना व्यक्तिलाई जनही रु. ४,०००.०० र १२ जना जना व्यक्तिलाई जनही रु. ३,०००। का दरले गरी जम्मा रु. १,००,०००.०० वितरण गरेको भरपाई संलग्न गरी पेश्की फछ्यौट गरेको पाइयो । प्रोत्साहन भत्ता वितरण गर्ने निणर्य गाउँपालिका बाट अनुमोदन गरेको देखिएन । असाहय तथा लाभग्राहीको पहिचान खुल्ने प्रमााण कागजात संलग्न नभई भत्ता वितरणका लागि छनैट गरेको पाइयो साथै भत्ता वितरण गरेको भरपाईमा

समेत अक्षरको एउटौ टांका र लय हुनु साथै लक्षित वर्गको पहिचान र प्रणालीमा आधारित छनौट विधि अवलम्वन नगरी २८ जनालाई भत्ता वितरण गरेको नियमित देखिएन । लक्षित वर्गको सहि पहिचान गरी छनौट प्रकृयाका साथै प्रमाण कागजात पुरा गरेर मात्र यस्तो कार्य गर्नुपर्ने देखिएको छ । १०००००.००

२३. **सहकारी संस्थालाई अनुदान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा पर्याप्त आधार र प्रमाण संलग्न गरी मात्र भुक्तानी दिन सकिने व्यवस्था छ । कार्यालयले मैनवत्तिको कारोवार गर्ने व्यक्तिगत धुप उद्योग समेत देहायका ६ घरेलु उद्योग तथा सहकारी संस्थालाई रु. १३,०९,९९९.०० भुक्तानी दिएको छ । नाफामुलक सहकारी संस्थाका साथै व्यक्तिगत धुप उद्योग समेतलाई सरकारी कार्य गरेको भनि भुक्तानी दिएको नियमित देखिएन । १३०९९९९.००

| क्र. सं. | भौ. नं. | विवरण | सहकारी संस्थाको नाम | भुक्तानी (रु) |
|---|---|---|---|---|
| १ | १५७०७४।११।२१ | फलफुल खेती | जयपृथ्वी सहकारी संस्था लि. | १७००००.०० |
| २ | २२३।०७४।१२।०७ | धुप उद्योग | तुलसी धुप उद्योग लि. | ९९९९९.०० |
| ३ | २३३(क)।०७४।१२।०७ | तरकारी आलु | तरकारी आलु ब्लक सञ्चालक समिति | ६०००००.०० |
| ४ | २९९(क)।०७५।१।२६ | भेडा बाखा पालन खोर निर्माण | पाथिभेरा कृषि सहकारी संस्था लि. | ७००००.०० |
| ५ | ३००।०७५।१।२६ | भेडा बाखा पालन खोर निर्माण | पाथिभेरा कृषि सहकारी संस्था लि. | ५००००.०० |
| ६ | ४८३।०७५।३।२५ | भेडा बाखा पालन खोर निर्माण | पाथिभेरा कृषि सहकारी संस्था लि. | ३२००००.०० |
| | | **जम्मा** | | **१३०९९९९.००** |

२४. **टुक्रे खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (९) २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष देहाय अनुसारको रु. २१,५६,०९९.२७ को खरिद गर्दा ऐनको दफा ६ मा उल्लेख भए अनुसारको खरिद योजना समेत तयार नगरी सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रे खरिद गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ ।

| भौ. नं. | सामान । कार्य | आपूर्ति कर्ता | भुक्तानी (रु) |
|---|---|---|---|
| १००।०७४।१०।१२ | ल्याव सामाग्री माइक्रोस्कोप ३ र सेन्ट्रिफ्यूज ३ | वालाजी अ, धनगढी | ३८०४१४.५० |
| २०।०७४।०९।०४ | ब्यासी खतेडा सडक मंमत | पि. डि. अर्थमुर्भस् , कैलाली | ४९१००१.८४ |
| २१।०७४।०९।०४ | खतेडा खोला चन्द्रोदय सडक मंमत | पि. डि. अर्थमुर्भस् , कैलाली | ३०५४८२.९३ |
| २१५।०७४।११।३० | आर्युवेद भवनको थप कोठा | मष्टा देव कन्स्ट्रक्शन | ४९९१९५.०० |
| ३७८।०७५।०२।२९ | पाइप खरिद | सगरमाथा सप्लार्यस् , कैलाली | ४८०००५.०० |
| ४/०७४/०७/१३ | औषधी खरिद | तिवारी मेडिशिन डिस्ट्रिव्युटर घनगढी | २८९९३६.०० |
| १६/०७४/१०/१५ | औषधी खरिद | भाइटल मेडी डिस्ट्रिव्यूटर | २०४८२६.४० |
| ८/०७४/०८/२४ | आर्युवेद औषधी | ब्रम्म शत्ति आयूर्वेद फर्मा | २३००००.०० |
| ५५/०७५/०३/२९ | आर्युवेद औषधी | ब्रम्म शत्ति आयूर्वेद फर्मा | १०६५६५.०० |
| ४३/०७५/०३/२२ | औषधी | जाल्पा फार्मेशी धनगढी | २५००८०.०० |
| | **जम्मा** | | **३२३७५०६.६७** |

२५. **मोटरसाइकल :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४७ मा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी वांध्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद गरेका देहाय अनुसारका मोटरसाइकल सरकारी नम्बर प्लेटमा दर्ता गरी लगत कायम गर्नुपर्नेमा नीजि नम्बर प्लेटमा राखि सञ्चालन गरेको देखियो । सरकारी नम्बर कायम गर्नुका साथै सम्वन्धित वडामा हस्तान्तरण भई गएका सवारी साधनको हकमा हस्तान्तरण फारम भरी जिन्सी किताब समेत अद्यावधिक गर्नुपर्ने देखिन्छ । २३५५०००.००

| वडा नं. | मोटरसाइकल नम्बर | विवरण | खरिद मुल्य |
|---|---|---|---|
| १ | ७७७ | कम्पनि नखुल्ने । विभिन्न । | ७ वटाको एकमुष्ट रु. १८,००,०००।<br>१ वटाको रु. २,८०,०००।<br>१ वटाको रु. २,७५,०००।<br>२ वटा साविकमा रहेको |
| २ | ६७१ | | |
| ३ | ७१४ | | |
| ४ | ६३१ | | |
| ५ | ६४८ | | |
| ६ | नखुल्ने | | |
| ७ | नखुल्ने | | |
| पशु कार्यक्रम | ५८६ | | |

२६. निजामती सेवा नियमावली, २०५० मा पारित तलवि प्रतिवेदन अनुसार ग्रेड भुक्तानी गर्नुपर्ने तथा भ्रमण खर्च नियमावली, २०६४ मा स्वीकृत भ्रमण आदेश अनुसार भ्रमण गरी खर्च लेख्नुपर्ने साथै आयकार ऐन, २०५८ मा भुक्तानीमा करकट्टी गर्नुपर्ने लगायतको व्यवस्था छ । कार्यालयबाट देहाय अनुसारको भुक्तानीमा स्थानीय भत्ता बढि भुक्तानी भएको, निमित्त भत्ता बढि भुक्तानी भएको साथै भ्रमण आदेश वेगर भ्रमण खर्च लेखेको गरी रु. ३,१३,५००.०० बढि भुक्तानी भएको भनि आन्तरिक लेखापरीक्षणले कायम गरेका व्यहोरा लेखापरीक्षण अवधि सम्म फछ्र्यौट भएको देखिएन । उक्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिएको छ । ३,१३,५००.००

| गो. भौ नं. | उपभोक्ता समिति | व्यहोरा | कानुनी व्यवस्था | सम्बन्धित व्यक्ति | सुझाव | (रु) |
|---|---|---|---|---|---|---|
| ३०/०७५/०३/२२ | आलु ब्लक संचलन समिति | भ्रमण तथा खाजा खर्च लेखेको | भ्रमण खर्च नियमावलीमा उपभोक्ता समितिका पदाधिकारीलाई भ्रमण खर्च दिने प्रावधान नभएको | अध्यक्ष श्री देव बहादुर धामी | प्रमाण पेश हुन नसकेमा अशुल गर्नुपर्ने | ८७५०.०० |
| ३१/०७५/०३/३० | आलु ब्लक संचलन समिति | भ्रमण तथा खाजा खर्च लेखेको | भ्रमण खर्च नियमावलीमा उपभोक्ता समितिका पदाधिकारीलाई भ्रमण खर्च दिने प्रावधान नभएको | सचिव श्री इश्वर राज सेती | प्रमाण पेश हुन नसकेमा अशुल गर्नुपर्ने | १२७५०.०० |
| ९१/०७४/१०/११ | सत्यवादी मा.वि. जयपृथ्वी नगर | विद्यालय मर्मत गर्न वडा २ बाट रु. ५० हजार र वडा ३ बाट रु. ५० हजार समेत रु.१ लाख भुक्तानी लिएको | आर्थिक कार्यविधि नियमवलीमा विल भौचर पेश गरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको | प्र.अ. भैरव बहादुर सिंह | प्रमाण पेश हुन नसकेमा अशुल गर्नुपर्ने | १०००००.०० |
| ९१/०७४/१०/११ | सत्यवादी मा.वि. जयपृथ्वी नगर | राजा जय पृथ्वीको सालिक निर्माण गर्न भुक्तानी लिएकोमा कागजात पेश नभई भुक्तानी | ऐ | प्र.अ. भैरव बहादुर सिंह | प्रमाण पेश हुन नसकेमा अशुल गर्नुपर्ने | ५००००.०० |
| १३१/०७४/११/२० | लाटा खोपा मन्दिर नि.उ.स. | नापी तथा कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानी | ऐ | उ.स. अध्यक्ष | प्रमाण पेश हुन नसकेमा अशुल गर्नुपर्ने | ५००००.०० |
| १४९/०७४/११/२१ | भुमिदेव आमा समुह | उ.स. अध्यक्षको भ्रमण तथ वास खर्च | भ्रमण खर्च नियमावलीमा उपभोक्ता समितिका पदाधिकारीलाई भ्रमण खर्च दिने प्रावधान नभएको | उ.स.अध्यक्ष श्री अप्सरादेवी | प्रमाण पेश हुन नसकेमा अशुल गर्नुपर्ने | ६०००.०० |
| २५१/०७५/०१/२३ | विनोद पुजारा | उ.स. गठन नगरी व्यक्ति लाई चेक मार्फत भुक्तानी र निर्माण को प्रमाण कागजात नभएको | आर्थिक कार्यविधि नियमवलीमा विल भौचर पेश गरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको | विनोद पुजारा | प्रमाण पेश हुन नसकेमा अशुल गर्नुपर्ने | ८६०००.०० |
| | | | | **जम्मा** | | **३१३५००.००** |

२७. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२ (३) मा दिएको पेश्की तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । गाउंपालिकाले निम्न अनुसारका व्यक्ति तथा निकायलाई योजना तथा कार्यक्रम सञ्चालन गर्न दिएको पेश्की फछ्र्यौट गरेको देखिएन । नियमाननुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ । ३६३३५००.००

| क्र. सं. | मिति | विवरण | वडा नं. | पेश्की (रु) |
|---|---|---|---|---|
| | ०७४/०९/२८ | गौरवको योजना | २ | १३२००००.०० |
| | ०७४/०९/२८ | विसौना देखी पनालदेव गोरेटो बाटो | २ | १५००००.०० |
| | ०७५/०१/२३ | राहत वितरण बाढी पिडित | २ | १४७०००.०० |
| | ०७५/०१/२४ | विपद व्यवस्थापन | ३ | १७५०००.०० |
| | ०७४/११/२९ | खापरदेव प्रा.वि. सौचालय निर्माण | ४ | ५००००.०० |
| | ०७५/०१/२७ | महिला सशक्तिकरण तालिम | ५ | १०००००.०० |
| | ०७५/०१/३० | राहत वितरण | ६ | २०५०००.०० |
| | ०७५/०२/०४ | प्रहरी चौकी फर्निचर खरिद | ६ | ३००००.०० |
| | ०७४/१२/०७ | व्यासी उन्नत जात गाई पालन | | ३५००००.०० |
| | ०७५/०३/२५ | नवादेव कृषक समुह | | ३५००००.०० |
| | ०७५/०३/१३ | ंसचिव ईश्वर दत्त जोशी | ४ र ५ | ६०००००.०० |
| | ०७५/०२/२० | सचिव सुरेश बहादुर बोहरा | २ | १५००००.०० |

| | | | | |
|---|---|---|---|---|
| | ०७५/०२/०४ | सत्यराज थापा | | ५०००.०० |
| | ०७५/०१/१९ | दिपक थापा | | १५०० |
| | | **जम्मा** | | **३६३३५००.००** |

२८. **वित्तिय जवाफदेहिता :** महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरेको वित्तिय जवाफदेहिता मुल्याङ्कन सम्वन्धि अनुसूची ११ मा उल्लेखित ४ सूचकहरुको आधारमा विश्लेषण गर्दा यस कार्यालयको वित्तिय जवाफदेहिता मुल्याङ्कनको स्तर राम्रो ( सि ग्रेड) रहेको देखिएको छ ।

२९. **बेरुजू -** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष अशुल गर्नुपर्ने रु. ३ लाख ४१ हजार नियमित गर्नुपर्ने रु. ७९ लाख ९० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७५ लाख ९३ हजार र पेश्की रु. ३६ लाख ३३ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट फछ्र्यौट/समायोजन भएको छैन ।

३०. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि अनुरोध गरेको छैन ।

(रु हजारमा)

| गत वर्षको बेरुजु रकम (रु) | यो वर्ष फछ्र्यौट(रु) | बांकी (रु) |
|---|---|---|
| २४४१ | ० | २४४१ |

३१. **अद्यावधिक बेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

(रु हजारमा)

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| २४४१ | - | १९५५७ | २१९९८ |

**अनुसूची– १७**

# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बभाङ | छविसपाथिभेरा गाउँपालका | १४ | १५ | १९५५७ | ० | ० | ० | १४ | १५ | १९५५७ | ३४१ | ७९९० | ७५९३ | ० | ० | १५९२४ | ७५६ | २८७७ | ३६३३ |

**अनुसूची- १**

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ७**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १ | छविसपाथिभेरा गाउँपालका | **बभाङ** | ६२५६ | १४९१८४ | १२७२९७ | ५८७५९ | ३३५२४० | १३०३७२ | १०८९९४ | ६१८७४ | ३०१२४० | ४०२५६ |